DAO Kathmandu Reg. No.55-2070/071 SWC Reg. No. 37675

निर्वाचन पर्यवेक्षण समिति नेपाल
Election Observation Committee Nepal ( EOC-Nepal)

# प्रेस विज्ञप्ति

मिति : २०७४।०६।०३

काठमाण्डौ, अशोज ३,

संवत् २०७४ अशोज २ गते, सोमबार, तेस्रो चरणको स्थानीय तह निर्वाचन प्रदेश न. २ का ८ वटा जिल्लामा बिहान ७ बजेदेखि सुरु भई बेलुका ५ बजे सम्म मतदान भएको थियो । मतदानको दिन निर्वाचन पर्यवेक्षण समिति नेपाल (इओसी) द्वारा परिचालित ८ जिल्लाहरुमा ११६ जना राष्ट्रिय पर्यवेक्षक र ३ जना विशेष पर्यवेक्षकले स्थलगत पर्यवेक्षण गरेका थिए । पर्यवेक्षणका तथ्यलाई विश्लेषण गर्दै अशोज १ गते मध्यान्हसम्मको प्रतिवेदन तत्काल सार्वजनिक गरिएको थियो । मतदानको पूरा समायअवधिलाई ८ वटा जिल्लामा परिचालित ईओसी-नेपालका पर्यवेक्षक र अन्य स्वतन्त्र बुद्दिजीवीहरुको सर्बेक्षणको आधारमा निर्वाचन शातिपूर्ण रहेको, जनता उत्साहित रहेर मतदानमा भाग लिएको भन्ने हाम्रो ठहर छ ।

विशेष गरेर महिलाहरु बालबालिका काखमा च्यापेर, अपाङ्गगता वैशाखी टेकेर, जेष्ठ नागरिक आफन्तको काधमा झुण्डिएर आफूले आफ्नो प्रतिनिधि छान्न पाउने अधिकारकोलागि मतदान स्थलमा देखिए । यसले जनताको बिसौ बर्ष बन्धक बनाइएको चाहना पुरा भएको छ । नेपालीहरुको भविश्यको रेखा कोरिएको छ । संक्रमणकालको अन्त्य हुने संकेत मिलेको छ ।

इओसी-नेपालले विगतका पहिलो र दोस्रो चरणमा स्थानीय तहको निर्वाचनको पर्यवेक्षणको अनुभवलाई तुलनात्मक रुपमा अभिलेख गर्नु पर्दा तेस्रो चरणको निर्वाचन अझ अहिंसात्मक र सौहार्दपूर्ण वातावरणमा सम्पन्न भएको छ ।

बढि सुरक्षा संवेदनशीलता, विविध चुनौतिको आंङ्कलन गर्दागर्दै पनि मधेसका जनताको त्यो शान्ति र लोकतन्त्रको चाहना नेपालको संविधानको मर्ममूताविक मतदानमार्फत प्रष्फुटित भएको पाउादा सबै नेपालीका लागि २ नं प्रदेशको स्थानीय तहको निर्वाचन केवल निर्वाचन मात्र नभएर एउटा पर्वकै रुपमा लिन सकिने मतदाताले बताएका छन् ।अतः विगतमा भएका हत्या हिंसा, बन्द, तोडफोडजस्ता गतिविधिलाई नजिकबाट देख्नेहरुले जनताको हृदर्ययभित्रसम्म पुग्ने प्रतिनिाधिहरु छान्ने मतदाताहरु आफ्नो अभिमत जायर गर्न कति आातुर रहेछन भन्ने कुरा मनन गर्न सक्नुपर्छ ।

निर्वाचन पर्यवेक्षण समिति-नेपालले गरेको सुक्ष्म अध्ययन/अनुसंन्धान र पर्यवेक्षणको आधारमा विश्लेषणात्मक सुझाब निष्कर्ष सहितको प्रतिवेदन छिटै सार्वजनिक गर्ने प्रतिबद्धता व्यक्त गर्दै निर्वाचनलाई सम्पन्न गर्न प्रतक्ष्य अप्रतक्ष्यरुपमा साथ, सहयोग, सुझाब, सहकार्य र समझदारी र सहजिकरणमा सहभागि साझेदारहरु सफल हुनुहुनेहरुमा हार्दिक बधाई छ ।

Pradeep.

प्रदिप पोखरेल
अध्यक्ष

Buddhangar -10, Kathmandu Nepal
Tel. 01-4784568, Fax. 01-4781044Email. eocnepal123@gmail.com,Web site : www.eocnepal.org.np